# नेपाली उखानको पर्यावरणीय अध्ययन

**Kaumodaki: Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN: 2822 - 1567 (Print); ISSN: 2822 -1583 (Online)
Published by Research Management Cell, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**लक्ष्मीशरण अधिकारी**
Department of Nepali, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara, Nepal

***Article History:*** *Submitted 30 Oct. 2022; Reviewed 21 Nov. 2022; Accepted 18 Dec. 2022*
***Corresponding Author:*** *Laxmi Sharan Adhikari,* ***Email:*** *laxmisharan23@gmail.com*
***DOI:*** *https://doi.org/10.3126/kdk.v3i1.52142*

**लेखसार**

*नेपाली उखानको पर्यावरणीय अध्ययन शीर्षकको यस आलेखमा नेपाली उखानलाई पर्यावरणीय समालोचनाका कोणबाट विश्लेषण गरिएको छ । पर्यावरणीय समालोचना भन्नाले मानव र मानवेतर भौतिक तथा जैविक सम्बन्धको अध्ययन हो । प्राकृतिक वातावरणलाई विषय बनाएर साहित्य लेख्ने प्रचलन पुरानो भए पनि मान्छेकै कारण ह्रासोन्मुख बन्दै गएको पर्यावरण र साहित्यिक कर्मलाई एकीकृत गरेर समालोचना गर्ने काम भने नयाँ हो । वैज्ञानिक बुद्धिवादले विविधता, अनेकता र बहुलताको बेवास्ता गरी लालची प्रवृत्ति देखाउँदा जीवजन्तुका बासस्थान खल्बलिएको अवस्थामा मान्छेको प्रकृतिसँग प्रेमपरक सम्बन्ध स्थापना गर्ने हेतुले पर्यावरणीय समालोचना देखा परेको छ । पर्यावरणीय समालोचनाका विशेषता नेपाली उखानमा खोज्नुका साथै प्रकृति र मानवको अन्तर्क्रिया एवम् सम्बन्ध उखानमा कसरी व्यक्त भएको छ भनी अध्ययन गर्ने उद्देश्यले यो आलेख तयार पारिएको हो । नेपाली उखानमा प्रकृतिको संरक्षण, जैविक खानपिन, मानवको आचरण एवं भाषिक व्यवहार आदि पक्षलाई आधार बनाएर नेपाली उखानको विश्लेषण गरिएको छ । उखानहरूको सङ्कलन तथा विश्लेषणका लागि आवश्यक सैद्धान्तिक सामग्री पुस्तकालय र अनलाइन माध्यमको उपयोग गरी गरिएको छ । प्रस्तुत उखानहरूको विश्लेषण पर्यावरण समालोचनाका आधारमा गरिने भएकाले निगमनात्मक र सैद्धान्तिक कुरालाई उखानबाट पुष्टि गरिएकाले आगमनात्मक विधिको उपयोग गरिएको छ । नेपाली उखानमा प्राणी र वातावरणसँग मानिसको सम्बन्ध खोजी गर्नुका साथै बलियो सम्बन्ध रहेका पक्षहरू र सम्बन्ध कायम हुन नसकेका पक्षहरू केलाउँदै कतिपय उखानहरूमा पर्यावरण मैत्री भाषिक व्यवहार हुन नसकेको निष्कर्ष निकाल्नु यस आलेखको प्राप्ति हो ।*

**शब्दकुञ्जी :** जैविक विविधता, पृथ्वीकेन्द्रित, वातावरण, संरक्षण, स्वच्छन्दतावाद

## विषय परिचय

प्रस्तुत आलेखको मुख्य विषय नेपाली उखानमा प्रयुक्त पर्यावरणीय अध्ययन रहेको छ । पर्यावरणीय समालोचना अन्तर्विषयक समालोचना हो । यसले साहित्य र भौतिक तथा जैविक वातावरणका बिचको सम्बन्धको अध्ययन गर्छ । प्रकृति र वातावरणलाई विषय बनाएर साहित्य लेख्ने प्रचलन पुरानै हो । प्रकृतिसँग रागात्मक सम्बन्ध

*Copyright 2023 © the Author(s) and the Publisher*
CC BY NC

हुँदाहुँदै पनि शिकारी युगदेखि नै मान्छेले वातावरणमाथि अतिक्रमण गर्न सुरु गऱ्यो । त्यति बेला कम जनसङ्ख्या भएकाले वातावरणमा त्यति क्षति भएन । बढ्दो जनसङ्ख्या र विज्ञान प्रविधिका क्षेत्रमा उच्चतम विकास हुँदै जाँदा वातावरणमा ठुलो क्षति हुन थाले पछि बीसौँ शताब्दीको उत्तरार्धतिर पर्यावरणीय चेतनामूलक लेखहरू छापिन थाले । नेपालमा भने भर्खरै मात्र यस विषयमा खोज अनुसन्धानमूलक लेखहरू छापिन थालेका छन् । यसमा विज्ञान, सामाजिक, सांस्कृतिक चेतना र साहित्य जोडेर अध्ययन गरिन्छ । अध्ययन गर्दा प्रकृतिसँग मानवको सम्बन्ध कसरी कायम रहेको छ र त्यो सम्बन्ध कस्तो छ भनेर अध्ययन गरिन्छ ।

व्यावहारिक जीवनका मार्गदर्शक तत्त्वका रूपमा उखानलाई चिनाइन्छ । उखानमा लोकजीवनका रीतिथिति, अनुभव, संस्कृति, मान्यता सूत्रात्मक रूपमा व्यक्त हुन्छन् । उखान लोकसाहित्यको उपविधा हो । यसमा अनेक चरित्रहरू र तिनका कार्यव्यवहारका बारेमा सूत्रात्मक टिप्पणी गरिने हुनाले मान्छेको प्रकृतिप्रेम र उपेक्षाभाव दुबै मूर्त रूपमा व्यक्त हुन्छन् । उखानमा अभिव्यञ्जित मान्यताहरू प्रकृतिको संरक्षण र सम्बर्द्धन गर्ने खालका छन् वा छैनन् अनि मान्छेका भाषिक व्यवहारहरू पर्यावरण मैत्री छन् कि छैनन् भनेर मूल्याङ्कन गरिने कुरा लोकसाहित्यमा ओझेल परेको विषय हो । त्यसैले पर्यावरणीय समालोचनाका आधारमा नेपाली उखानको विश्लेषण र मूल्याङ्कन खोज अनुसन्धान नभएको विषय ठानी यो विषयमा आलेख तयार पारिएको हो ।

## समस्याकथन र उद्देश्य

वैज्ञानिक बुद्धिवादले विविधता र बहुलताको बेवास्ता गरी मान्छेलाई मात्र केन्द्रमा ल्यायो र प्रकृतिलाई उपभोग्य वस्तु ठान्यो । पर्यावरणीय सिद्धान्तले प्रकृतिमाथि मान्छेको सम्बन्ध र व्यवहार मित्रवत् हुनुपर्छ भन्छ । प्रकृतिसँग तालमेल गर्न मिल्ने खालका चिन्तन हाम्रा उखानमा छन् कि छैनन् ? यस खालका जिज्ञासालाई पर्यावरणवादी कोणबाट विश्लेषण गर्नका निम्ति लिखित प्राज्ञिक जिज्ञासालाई समस्याका रूपमा राखिएको छ -

१. नेपाली उखानमा के कस्ता पर्यावरणीय विशेषता भेटिन्छन् ?

२. नेपाली उखानमा प्रकृति र मानवको अन्तर्क्रिया एवम् सम्बन्ध कसरी स्थापित भएको छ ?

प्राज्ञिक समस्यामा केन्द्रित रहेर नेपाली उखानमा रहेका पर्यावरणीय विशेषता औँल्याउनु र प्रकृति र मानवको अन्तर्क्रिया एवम् सम्बन्धबारे अध्ययन गर्नु यस आलेखको मुख्य उद्देश्य रहेको छ ।

## पूर्वकार्यको समीक्षा

नेपालीमा पर्यावरणलाई महत्त्व दिएर साहित्य सिर्जना हुन थालेको चालिसको दशकदेखि हो भने पर्यावरणीय समालोचना लेखिन थालेको साठीको दशकदेखि हो । लोकसाहित्य विधामा पर्यावरणीय अध्ययन अहिलेसम्म भएको छैन । पर्यावरणका बारेमा सैद्धान्तिक अध्ययन भएका छन् । कविता, आख्यान, नाटक र निबन्ध विधामा प्रायोगिक अध्ययन पनि हुन थालेको छ । अनुसन्धानसँग सम्बद्ध महत्त्वपूर्ण देखिएका सैद्धान्तिक तथा प्रायोगिक पठनलाई यहाँ उल्लेख गरिएको छ ।

गोविन्दराज भट्टराई (२०६४) ले *उत्तरआधुनिक विमर्श* शीर्षकको समालोचनात्मक कृतिमा पर्यावरणीय समालोचनाबारे सैद्धान्तिक र प्रायोगिक अध्ययन गरेका छन् । उनले पर्यावरणीय समालोचनाले साहित्य अध्ययनमा पृथ्वीकेन्द्रित पद्धति अँगाल्छ भनेर चिनाउँदै कृति विश्लेषणका आधार प्रस्तुत गरेका छन् ।

कृष्ण गौतम (२०६४) ले *उत्तरआधुनिक जिज्ञासा* शीर्षकको समालोचनात्मक कृतिमा पर्यावरणीय समालोचनाको परिचयात्मक समीक्षा लेख्दै यसलाई आधुनिकतालाई हाँक दिँदै अस्तित्ववान् भएको चिन्तन मानेका छन् ।

लक्ष्मण गौतम (२०६६) ले *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* कृतिमा पर्यावरणीय समालोचनालाई

मानवेतर जगत् अर्थात् पशु प्राणी, पङ्क्षी, जलचर, वनस्पति, जल, वायु आदिसँग सम्बन्धित साहित्यको अध्ययनमा केन्द्रित छ भनेर सङ्क्षेपमा चिनाउने काम गरेका छन् ।

मोहनराज शर्मा (२०६६) ले आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचनामा मोहन कोइरालाको *सिमसारको राजदूत* काव्यकृतिको समीक्षा गर्ने क्रममा साहित्यमा पर्यावरण मैत्रीको भावनालाई दरो रूपमा उठाउने समसामयिक कृतिहरूमा यो आख्यानात्मक काव्य अगुवा भएर देखा परेको छ भनी प्रशंसापरक टिप्पणी गरेका छन् ।

सञ्जीव उप्रेती (२०६८) ले *सिद्धान्तका कुरा* कृतिमा रमेश विकलको अविरल बग्छ इन्द्रावतीको पर्यावरणीय पठन गर्न सकिन्छ भनी प्रासङ्गिक चर्चा गरेका छन् ।

नेत्र एटम (२०६८) ले *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड) कृतिमा 'पर्यावरणीय समालोचना' को सैद्धान्तिक पठन गर्नुका साथै केही कृतिको पर्यावरणीय पठनसमेत गरेका छन् । उनले यसलाई उत्तरआधुनिकताको प्रतिरोधी सिद्धान्त ठहर गरेका छन् ।

एकनारायण पौड्याल (२०७०) ले *समलोचनाको स्वरूप र पद्धति* कृतिमा वातावरणीय समालोचनाको परिचयात्मक अध्ययन गरेका छन् ।

गोकुल पोखरेल (२०७०) ले *सिमसारको राजदूत* काव्यको पर्यावरणीय अध्ययन शीर्षकको स्नातकोत्तर शोधपत्रमा सिमसारका राजदूत काव्य पर्यावरणकेन्द्री भएको निष्कर्ष निकालेका छन् ।

राजेन्द्र सुवेदी (२०७३) ले *सांस्कृतिक अध्ययन र नेपाली साहित्य* कृतिमा पर्यावरणको सैद्धान्तिक अध्ययन गरी केही कृतिको विश्लेषण गरेका छन् ।

गीता त्रिपाठी (२०७६) ले प्रज्ञा समकालीन कथा विमर्श ग्रन्थमा 'समकालीन नेपाली कथामा पर्यावरणीय चेतना' शीर्षकमा केही कथाकारका केही कथाको पठन गरी समकालीन नेपाली कथामा पर्यावरणीय समस्यालाई कम सम्बोधन गरिएको निष्कर्ष निकालेकी छन् ।

समालोचकहरूले पर्यावरणका बारेमा सैद्धान्तिक र प्रायोगिक दुबै खाले समीक्षा लेखेका भए पनि लोकसाहित्य विधालाई केन्द्र बनाएर पर्यावरणीय अध्ययन भएको पाइएन । यसमा नेपाली उखानमा पर्यावरणका के कस्ता विशेषता भेटिन्छन् अनि मानव र प्रकृतिको सम्बन्ध कस्तो रहेको छ भनेर अध्ययन गर्न खोजिएको छ ।

## शोधविधि

पर्यावरणीय सिद्धान्तबाट समेत नेपाली उखानको अध्ययन गर्न सकिन्छ । यसमा आवश्यक पर्ने उखानहरू उखानसम्बन्धी पुस्तकहरूबाट सङ्कलन गरिएको छ । पर्यावरणसम्बन्धी लेख, समालोचना, शोधपत्र, पुस्तकलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ । उखानको विश्लेषणका लागि पर्यावरणीय सिद्धान्तलाई आधार बनाइएको छ । यसमा वातावरण सम्बन्धी चेतना, मान्छेको नैतिक आचरण, मान्छेको प्रकृतिसँगको अपनत्व एवं भाषिक व्यवहार आदिलाई आधार बनाएर उखानको विश्लेषण गरिन्छ । उखानको विश्लेषण पर्यावरण सिद्धान्तका आधारमा गरिने भएकाले निगमनात्मक र त्यस सैद्धान्तिक कुरालाई उखानबाट पुष्टि गरिएकाले आगमनात्मक विधिको समेत उपयोग गरिएको छ ।

## सीमाङ्कन

यस आलेखमा उखानको पर्यावरण केन्द्रित अध्ययन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पर्यावरण शब्द 'परि' र 'आवरण' शब्दको युग्म हो । परिको अर्थ चारैतिर र आवरणको अर्थ घेरा हो । प्रकृतिको चारैतर्फ हामीले देखेका वायु, बोटबिरुवा, जल, प्राणी, आकाश र माटो सबै पर्यावरणका अङ्ग हुन् (अग्रवाल, सन् २०२०, पृ. २१) । प्राणी र वातावरणलाई जोड दिने साहित्य सिद्धान्त पर्यावरणीय समालोचना हो । पर्यावरणीय समालोचना भन्नाले साहित्य र भौतिक वातावरणको बिचको सम्बन्धको अध्ययन भन्ने बुझिन्छ (बेरी, सन् २००२ : २४८) । पर्यावरण जीवनको संरक्षण गर्ने आवरण हो । पर्यावरण संरक्षणको अभिप्रायः हाम्रो आफ्नो चारैतिरको आवरण संरक्षण गर्नु तथा प्रकृति अनुकूल बनाउनु हो (सेनेगर, सन् २०२२, पृ. ८२९७) । पर्यावरणीय अध्ययनलाई स्थानीयतावाद पनि भनिन्छ । यसलाई मानव र मानवेतर जगत्का बिचको सम्बन्धको अध्ययन भनेर पनि चिनाइन्छ । पर्यावरण समालोचना अङ्ग्रेजी इकोक्रिटिसिज्मको नेपाली रूपान्तरण हो । यसलाई परिवृत्तीय समालोचना, वातावरणीय समालोचना, वातावरणीय काव्यशास्त्र पनि भनिन्छ । प्रकृति र प्राकृतिक वातावरणलाई विषय बनाएर साहित्य लेख्ने परम्परा धेरै पुरानो छ । आर्य संस्कृतिमा पर्यावरणको देवतातुल्य स्थान छ । वेद, पुराण, धार्मिक ग्रन्थमा सूर्य, चन्द्रमा, धर्ती, नदी, पर्वत, पीपल, गाई, साँढे, आर्य संस्कृतिको अभिन्न अङ्ग हो । अग्नि पुराणमा वृक्षारोपण तथा आनन्द वाटिकाको निर्माण पापपरिशोधन एवं सुखभोगमा सहायक हुन्छ भनिएको छ । पद्म पुराणमा वृक्ष काट्नु नरकजस्तै दण्डनीय अपराध भनिएको छ ।

आर्य संस्कृतिमा प्राकृतिक तत्त्वका साथ रागात्मक सम्बन्ध स्थापित गर्ने प्रयास गरिएको छ । यति भएर पनि वातावरण शुद्धता कायम हुनुपर्ने मान्यता राखेर समालोचना लेख्ने कार्यको थालनी भने सन् १९६० दशकदेखि सुरु भएको हो । रोडेरिक फ्रेजर नासले *वाल्डरनेस यान्ड दि अमेरिकन माइन्ड इन अमेरिका* (सन् १९६४) कृतिमा वातावरण बुझ्न मरुभूमीकरणबारे ज्ञान हुन आवश्यक छ भनेका छन् । नर्वेली दार्शनिक अर्ने नेइसले सन् १९७० को दशकमा गम्भीर पर्यावरण विज्ञानको आन्दोलनको स्थापना गरे । गम्भीर पर्यावरण विज्ञानले प्रकृतिलाई फाइदाको दृष्टिकोणले हेर्दैन । सन् १९७२ देखि संयुक्त राष्ट्रसंघले वातावरण कार्यक्रम प्रारम्भ गरेर पर्यावरणीय अध्ययनलाई अन्तर्देशीय बनायो । अमेरिकी अध्येता विलियम रुकर्टले सन् १९७६ मा प्रकाशित 'लिटरेचर यान्ड इकोलोजी : यान एक्सपेरिमेन्ट इन इकोक्रिटिसिज्म' शब्दको पहिलोपटक प्रयोग गरे । 'इकोक्रिटिसिजम' शब्दले साहित्यिक समालोचनाको प्राविधिक शब्दका रूपमा मान्यता सन् १९८९ मा प्राप्त गर्‍यो । वल्ड लिटरेरी एसोसिएसन (WLA) को सम्मेलनमा चेरिल ग्लोटफेल्टीले 'प्रकृति लेखनको अध्ययन' लाई बुझाउनका लागि 'इकोक्रिटिसिजम' शब्द समालोचनामा उपयोग गर्नुपर्ने प्रस्ताव राखेकी थिइन् र त्यसलाई ओरेगन विश्वविद्यालयका प्राध्यापक ग्लेन लभले पनि सम्बोधन भाषणका क्रममा समर्थन गरेका थिए (एटम, २०६८, पृ. ३१४) । त्यसपछि पर्यावरण शब्दले गति लिएको हो ।

पर्यावरणीय समालोचना अन्तर्विषयक समालोचना हो । अन्तर्विषयक अनुसन्धानले एकल विधाको बुझाइ, क्षमता, दक्षताले नभ्याउने अनुसन्धान गरी नयाँ ज्ञान उत्पादन गर्न सहयोग पुर्‍याउँछ । यसमा विज्ञान र सामाजिक-सांस्कृतिक चेतना जोडिन्छन् । पर्यावरणीय सिद्धान्त एक्लै नछुट्टिने गरी अनेक विषयसँग जोडिएको छ । पछिल्लो समयमा मानव जातिले भोगेको खाद्यसुरक्षा, जलवायु परिवर्तन, जैविक विविधताको ह्रास, वातावरणीय विनाश, कृत्रिम बौद्धिकीजस्ता प्रविधिको विकाससँग सामाजिक र पर्यायवरणीय चुनौतीलाई थाह पाउन यस्ता खालका अन्तर्विषयक बुझाइले मद्दत गर्छ ।

पर्यावरण मनुष्यद्वारा निर्मित र प्राकृतिक गरी दुई प्रकारको हुन्छ । मनुष्यद्वारा निर्मित पर्यावरण आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक प्रकारको हो भने प्राकृतिक पर्यावरण भनेको जलवायु, पहाड, हिमाल, पशुपंक्षी,

वृक्ष, जलचर आदि हो । पर्यावरणीय समालोचनाले सामाजिक पर्यावरणलाई ठिक भए मात्र प्राकृतिक पर्यावरण ठिक हुन्छ भन्ने मान्यता राख्छ । पर्यावरणीय समालोचनामा मान्छेकै कारण ह्रासोन्मुख हुँदै गएको पर्यावरण र साहित्यिक समालोचना जोडिएर स्वस्थ पृथ्वीका लागि एकीकृत काम गर्छन् (एटम, २०६८, पृ. ३१५) । पर्यावरणीय समालोचनाले 'गहन पर्यावरण', 'विश्वव्यापी परिकल्पना र पुनर्कल्पना', 'पर्यावरणमैत्री सांस्कृतिक वासस्थान', 'विषालु सङ्कथन', 'साहित्यिक सन्त्रास', 'भाषिक प्रदूषण' जस्ता शब्दावलीहरू विज्ञानबाट सापटी लिएर निर्माण गरेको छ । वैज्ञानिक बुद्धिवादले विविधता, अनेकता र बहुलताको बेवास्ता गर्‍यो । यसले मान्छेलाई केन्द्रमा ल्यायो र प्रकृति उपनिवेश्य वस्तु ठहरियो । मान्छे र प्रकृतिका बिच दुरी बढ्दै जाँदा मान्छे एक्लो भयो । पर्यावरणवाद धर्तीलाई यन्त्र मान्दैन, जीवित प्राणीजस्तै सावयव मान्छ (गौतम, २०६४, पृ. २०८) । यसले प्रकृतिप्रति मान्छेको सम्बन्ध विजेता र विजीतको जस्तै नभएर प्रेमपूर्ण हुनुपर्छ भन्ने मान्छ । पर्यावरण र प्राणी एक आपसमा आश्रित छन् भन्ने मान्यता यसले राख्छ । आदिवासीका सन्दर्भमा जल, जमिन र जंगलको महत्त्व आज पनि उत्तिकै छ ।

रुखसँग दूषित वायु विस्थापित गर्ने सामर्थ्य हुन्छ । त्यसैले सहरी औद्योगिक क्षेत्रमा वृक्षारोपण आवश्यक छ । रुखहरूले खुसीसित बस्न मिल्ने वातावरण बनाउन मद्दत गर्छन् (शुक्ला र चन्डेल, सन् २००१, पृ. ३५३) । पर्यावरणीय समालोचनाले पर्यावरणलाई ध्यानमा राखेर लेखिएका साहित्यिक कृतिको वातावरणीय कोणबाट विश्लेषण र मूल्याङ्कन गर्छ । यसले वन र उर्वरभूमि विनाश गरी बस्ती बसाउने, नदीनालाहरूमा दूषित पदार्थ र ढल मिसाउने, मापदण्ड पूरा नगरेको उद्योग र यातायातका साधनले वायुमण्डल दूषित बनाउने, डढेलो लगाउने, सिकार खेल्ने, हरेक कुरामा विषादीको प्रयोग गर्ने जस्ता कार्यबाट मानव, अन्य प्राणी तथा प्रकृतिलाई नै नोक्सान पुग्ने भएकाले यसको विरोध गर्छ (पौड्याल, २०७०, पृ. ११६) । यो समालोचनाले कृतिमा वातावरण अनुकूल वा प्रतिकूल कुन रूपमा चित्रित छ भन्ने देखाउँछ । जैविक विविधता ह्रास र जलवायु परिवर्तन दुवै मानव सिर्जित वातावरणीय समस्या हुन् । जैविक विविधता ह्रासले जलवायु परिवर्तनलाई सघन तुल्याउँछ । पृथ्वीमा कार्बनजस्ता ग्याँसहरूको मात्रा बढ्दा जलवायु परिवर्तन भएको छ । सन् २०३४ तिर पृथ्वीको तापक्रम १.५ डिग्रीले बढ्ने अनुमान गरिएको छ । मानवका क्रियाकलाप र पृथ्वीको स्वरूपको बिचको अन्तर्सम्बन्धको अध्ययन पर्यावरणीय समालोचनामा गरिन्छ ।

पर्यावरणीय समालोचनाको केन्द्र विश्वप्रकृति हो । यसमा स्थान र मानवको अन्तर्क्रिया एवम् सम्बन्ध कसरी भइरहेको छ भन्ने कुरालाई मूल समस्याका रूपमा हेरिन्छ (एटम, २०६८, पृ. ३२०) । यसमा स्थान भन्नाले जल, जमिन, जङ्गल, पशु, सूक्ष्मजीव पर्छन् भने मानवीय पक्षअन्तर्गत जनसङ्ख्या, लिङ्ग, वर्ग, जात, साहित्य, कला, प्रविधि, सामाजिक मूल्य र मान्यता आदि पर्छन् । पर्यावरणीय समालोचनामा सत्ता र शक्तिको प्रयोग कसरी भइरहेको छ भनेर हेरिन्छ । हरितगृह प्रभाव (Greenhouse Effect) ले गर्दा समयमापन प्रणालीमा भएको गडबडी पनि हेरिन्छ । घाँसले प्रकाश र कार्बनडाइअक्साइड ग्याँस उपयोग गरी अक्सिजन उत्पादन गर्छ । प्राणीले अक्सिजन उत्पादन गर्ने सक्तैन, उपभोग मात्र गर्न सक्छ । त्यसैले प्राणीहरू घाँससँग जोडिएका हुन्छन् । मान्छे स्वार्थी प्राणी हुनाले आफूलाई मात्र हेरेर प्रकृतिको उपभोग गरेको छ । यो मानवकेन्द्री चिन्तन हो । पर्यावरणीय समालोचनामा मानिसको नैतिकताको खोजी पनि गरिन्छ । उच्च वर्गले शक्तिको दुरूपयोग गरी सीमान्तवर्गको शोषण गरेको छ । यसमा पात्रको अनुभूतिमा विश्वप्रकृति कसरी अभिव्यक्त भएको छ भनेर पनि हेरिन्छ । लैङ्गिकता, जातजाति, सीमान्तकृत वर्गको प्रतिनिधित्व कसरी प्रकट भएको छ भनेर पनि हेरिन्छ । कृतिभित्र प्रकृतिलाई सम्मानजनक व्यवहार भएको छ कि छैन भनेर पनि हेरिन्छ । प्रकृतिको स्वच्छतालाई महत्त्व दिने र यान्त्रिकताको विरोधी हुनाले यो समालोचना स्वच्छन्दतावादको निकट देखिए पनि पर्यावरण र सांस्कृतिक एकताको वैज्ञानिक चिन्तनमा यो

भिन्न विशेषता बोकेको समालोचना हो । यसले वातावरणीय पक्षहरूप्रति सजग गराउने, धर्तीका स्रोतको न्यायपूर्ण वितरणमा जोड दिने, स्रोतहरूको न्यूनतम क्षति हुने गरी उपभोग गर्ने, पशु, पङ्क्षी, वनस्पति, अल्पसङ्ख्यक, नारी, सीमान्तकृत सबैलाई प्रेमपरक व्यवहार गर्ने कुरामा जोड दिन्छ ।

## नेपाली उखानमा पर्यावरण

उखानहरू साझा अनुभवबाट विकसित सूत्रात्मक कथन हुन् । "उखानहरू अनुभवसिद्ध ज्ञानका सार हुन्" (बन्धु, २०६६, पृ. ३३३) । व्यावहारिक जीवनमा मार्गदर्शक तत्त्वका रूपमा उखानलाई लिने गरिन्छ । उखानमा लोकजीवनका सामाजिक-सांस्कृतिक रीतिथिति तथा चालचलनको यथार्थ चित्र रहन्छ र त्यस माध्यमले लोकजीवनका विभिन्न पक्षको अध्ययनमा उखान निकै सहायक हुन्छन् (पराजुली, २०४७, पृ. १९) । उखान मानवीय ज्ञानका सूत्रात्मक उक्ति हुन् । "उखानलाई लोकोक्तिका रूपमा प्रचलित अनुभव सिद्ध सूत्रात्मक कथन मानिन्छ" (पौड्याल, २०६३, पृ. ९) । लोकजीवनका रीतिथिति, विश्वास, चालचलन बोकेका उखानहरू मूलतः अभिधेय अर्थ बोकेको हुन्छन् । सामाजिक परिवेश, धार्मिक-सांस्कृतिक वातावरण, जीवनदर्शन, नीति चेतना, कृषि व्यवसाय, पर्यावरण आदि विषयलाई संक्षिप्त र प्रभावकारी रूप अरूका छेउ पुऱ्याउनमा उखानको भूमिका महत्त्वपूर्ण हुन्छ ।

आधुनिक पुँजीवादी सभ्यता लालची छ । जिउनका लागि धेरै चिज पृथ्वीमा छन् । पितृसत्तात्मक सामन्ती तथा पुँजीवादी संरचनाले आर्थिक/सामाजिक किसिमले उत्पीडित वर्ग, महिला र प्रकृतिमाथि दोहन गर्दै आएको छ । प्रकृतिसँग ध्वंसपछि सुधारको तन्त्र पनि छ । प्रकृतिले आफूभित्रको संरचना तोडफोड गरेर पनि आफूलाई दुरुस्त पार्छ । मान्छेको शक्तिको सीमा छ । आधुनिकतातर्फ अघि बढ्दै गर्दा मान्छे प्रकृतिसँग टाढा हुँदै गएको छ । लोकजीवनका साझा अनुभवबाट निर्मित उखानमा प्रकृति र मानवको अन्तर्क्रिया एवम् सम्बन्ध कसरी व्यक्त भएको छ र नेपाली उखानमा के कस्ता पर्यावरणीय विशेषता भेटिन्छन् भन्ने कुरा विभिन्न उपशीर्षकमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

## पर्यावरण संरक्षणसम्बन्धी उखान

पृथ्वीमा भएका अनेकौँ तत्त्वहरूमध्ये कुनै एकको घटी वा बढीले प्राणी, वनस्पति र मानव जातिलाई प्रभाव पार्छ । पर्यावरणमा देखिने असन्तुलनले मानिसका आर्थिक, सांस्कृतिक, सामाजिक क्रियाकलाप प्रभावित हुन्छन् । पृथ्वीलाई सुन्दर बनाउन तथा मानव जातिको समष्टिगत हितका लागि जैविक तथा विविधताको संरक्षण अति आवश्यक छ । "प्रकृतिका स्रोतलाई रित्याउने गरी अत्याधिक उपभोग गर्नु, रित्तिने गरी माछा मार्नु, जङ्गलका चरा मारेर सिध्याउनु, पशुप्राणीको शिकार गर्नु, खानी खन्दै पहिरो लडाउनु, जङ्गललाई साफ गर्नु - गम्भीर चिन्ताका विषय हुन्" (भट्टराई, २०६४ : पृ. २०२) । जैविक विविधताको संरक्षण विषयक केही उखानहरू निम्न लिखित छन् -

- आगो बल्छ बनमा, पछि पोल्छ मनमा ।
- आगो भन्दैमा मुख डढ्दैन, रोप्यो भन्दैमा रुख सर्दैन ।
- आगोले खाएको बन, लुच्चाले खाएको धन ।
- आफ्नै कुवाको पानी मिठो हुन्छ ।
- आमाबाबु मरे घिउ र भात, गाईवस्तु मरे पुर्पुरामा हात ।
- आहरा खाने चरी आसिकले बाँच्दैन ।
- एउटाको जरो नउखेली अर्काको औषधि हुँदैन ।
- एउटा फूल फुल्दैमा वसन्त आउँदैन ।

y एउटा डिंगो त्यो पनि बिंगो ।
y एक पाथी धानको लाख पाथी धान ।
y काठका देवतालाई पिनाको नैवेद्य । y
खडेरीको बिउ, अनिकालको जिउ।

माथिका उखानहरूमध्ये (१) मा आगोबाट वन जोगाउनु पर्ने सन्देश छ भने (२) मा रुख रोप्दैमा सर्दैन भन्ने सन्देश छ । (३) मा आगोले खाएको वन भनेको लुच्चाले खाएको धन जस्तो भएकाले आगोले पोलेपछि मल पनि हुन्छ भनेर जङ्गल डढाउनु हुँदैन भनिएको छ । (४) मा स्थानीयताको महत्त्व दर्शाएर संरक्षणको सन्देश दिइएको छ । (५) मा गाईवस्तुलाई आमाबाबुभन्दा पनि ठुलो धन मानेर संरक्षण गर्न भनिएको छ । (६) मा चरालाई मान्छेलाई आहरा चाहिन्छ भनिएको छ । (७) मा प्रत्येक वनस्पतिको महत्त्व औंल्याएर मास्न नहुने सन्देश छ । (८) मा अनेक फूल लगाउनु पर्ने सन्देश छ । (९) मा डिंगाको विस्तार हुन नसकेकामा चिन्ता छ । (१०) र (१२) मा बिउ संरक्षण गर्नाले विस्तारित हुने सन्देश छ । (११) मा काठको संरक्षण पिनाले हुने सन्देश छ । संरक्षणसम्बन्धी अरू पनि उखान भेटिन्छन् जस्तै -

y खन्दा-खन्दा भाटाको मड्किलो पनि सकिन्छ ।
y चराको प्राणै गइसक्यो, खानेलाई स्वादै आएन ।
y जङ्गल न सङ्गल कहाँको मङ्गल।
y पाहुना आएको लच्छिन, घैयाको बिउ सकिएको अलच्छिन ।
y फूल टिप, हाँगा नभाँच ।
y फेद रहे हाँगा पलाउँछ ।
y मुठी छरेर मुरी फलाउनू ।
y रुख काट्नू, जरो पोस्नू।
y सीता हर्ने रावण, घर पोलिनु दुनियाँको ।
y सुकेको तलाउतिर हाँस फर्किदैन ।

माथिका उखानहरूमध्ये (१३) मा माटो, (१४) मा चरा, (१५) मा जङ्गल, (१६) मा बिउ, (१७) मा फूलको बोट र हाँगा, (१८) मा रुखको फेद, (१९) मा बिउ, (२०) मा जरो र (२२) मा तलाउ जोगाउनु पर्ने सन्देश दिइएको छ ।

## कृषि व्यवसायसम्बन्धी उखान

लोकअनुभवका निरीक्षण तथा पर्यवेक्षणका कसीमा घोटिएका केही उखानमा खेतीको महत्त्व, खेती गर्ने तरिका, खेतीको संरक्षण आदि विषयमा प्रकाश पारिएको छ । यी विषयसँग सम्बन्धित नेपाली उखानका नमुना यसरी प्रस्तुत गरिन्छ -

y अगाउ खेती आगेआगे, पछाउ खेती भाग्गेजोग्ये ।
y असारमा सुत्ने, पजनीमा भुल्ने, भदौका कामचोर । y
असारमा सुरुवाल लगाउनेले मङ्सिरमा पराल चोर्छ । y
असोजमा परे पानी, खेतीपाती मनोमानी।
y आसे मान्छे र सेपको खेती काम लाग्दैन।

y उत्तम खेती, मध्यम बेपार, अधम चाकरी सदा झपार ।

y ओझा नोकर, वैद्य किसान, अँडुवा गोरु खेत मसान । y

क, का, कि, की कुनै काम, खेत जोते धानैधान।

y कविताको मान रहन्छ पण्डितको हातमा, खेतीको मान रहन्छ खेतीवालको हातमा ।

y जहाँ गोबर, त्यहाँ दोबर ।

y जसको फाली टल्किन्छ, उसको बाली राम्रो हुन्छ ।

y जस्तो बिउ, त्यस्तै बिरुवा ।

माथिका उखानहरूमध्ये (१) मा समयमै खेती गर्नुपर्छ भनिएको छ । (२) र (३) मा असारमा खेती नगर्ने मान्छे चोर हुन्छ भनिएको छ । (४) मा असोजमा पानी परे धान राम्रो हुन्छ भनिएको छ । (५) मा सेपिलो ठाउँमा खेती गर्नाले फाइदा हुँदैन भनिएको छ । (६) मा खेती व्यवसायलाई उत्तम मानिएको छ । (७) खेती किसानले नै गर्नुपर्छ भनिएको छ । (८) मा पढाइभन्दा खेती ठुलो भनिएको छ । (९) मा खेती गर्ने किसान भएमा मात्र खेतको मान रहन्छ भनिएको छ । (१०) मा गोबर भए खेती दोब्बर हुन्छ भनिएको छ । (११) मा मिहिनेती किसानको खेती राम्रो हुन्छ भनिएको छ । (१२) मा बीउ राम्रो भएमा बोट राम्रो हुन्छ भनिएको छ । खेती गर्ने किसानका अनुभवमा आधारित यी उखानमा इलमको गुणगान, कामदारको मूल्य र महत्त्व आदिको बखान पाइन्छ ।

## परिस्थितिकी नारीवादसम्बन्धी उखान

परिस्थितिकी नारीवाद अङ्ग्रेजी 'इकोफेमिनिजम्' शब्दको नेपाली रूपान्तरण हो । यसको तात्पर्य नारीवादलाई पर्यावरणसँग जोडेर हेर्नु हो । "यसले नारीको पर्यावरणसित सम्बन्ध विश्लेषण गर्छ" (भट्टराई, २०६४, पृ. २०९) । पुरुषले पितृसत्तात्मक संस्कृतिको निर्माण गर्छ । नारीहरू भने प्राकृतिक स्वभावका हुन्छन् । पितृसत्ताले प्रकृतिको र नारीको शोषण गरेको छ । नारीमाथिको दबाबलाई वैधता दिँदा वातावरणीय विनाश बढ्छ भन्ने धारणा नारीवादीहरूको छ । पुरुष र नारीका विषयमा द्विविभाजक चेतनाहरू जन्मिएका छन् (भट्टराई, २०६४, पृ. २०९)-पुरुष/नारी, संस्कृति/प्रकृति, तर्क/संवेग, मस्तिष्क/शरीर । नारीहरू प्रकृतिसँग नजिक छन् । खेतीपातीमा र गाईवस्तुको धन्दामा नारीहरू नै बढ्ता खटिएका हुन्छन् । प्रकृतिसँगको सामिप्यले उनीहरू धर्तीजस्तै कोमल हुन्छन् भनिन्छ । नारीलाई भोग्या र दासीका रूपमा व्यवहार गर्ने पुरुष वर्गले नारीलाई होच्याएर उखानको निर्माण गरेको छ । उखानलाई लोकअनुभव भनिए पनि पुरुषअनुभव पनि हो । विधवा नारीलाई होच्याउने खालका उखानहरू यसरी प्रस्तुत गरिन्छ :

y आधा खाएकी राँडी कोल जानु न पिना खानु ।

y अपजस्याही राँडका निधारमा लिखा ।

y कसैलाई के को धन्दा, राँडी बुढीलाई दाउराको धन्दा ।

y पोइकी राँड त सबैकी राँड ।

y विधवा भएका नारीप्रति पितृसत्ताले वातावरण मैत्री भाषिक व्यवहार गरेको छैन ।

पितृसत्ताले सालीलाई पनि उपभोग्य वस्तु ठान्छ, जस्तै -

y अचार के हो ? पिनाको, साली कस्को ? भिनाको ।

y मुला के पकाउनू ? साली के फकाउनू ?

y साली आधा घरवाली ।

- सालीलाई फकाउनु पर्दैन, गुन्द्रुकलाई पकाउनु पर्दैन ।

माथिका उखानहरूमा सालीलाई उपभोग्य वस्तुका रूपमा हेरिएको छ । पितृसत्ताले छोरा र छोरीमा विभेद गर्छ, जस्तै -

- ऐंजेरु बलून् न छोरीले पालून् ।
- जसको भैँसी उसको बन, जसका छोरा उसको धन ।
- छोरीमा सिप र छोरामा उत्साह चाहिन्छ ।
- छोरीको छोरो, कन्नाको पिलो ।
- हुपहारा छोरो, रूपहारा छोरी ।

माथिका उखानमा छोरीलाई कमजोर र महत्त्वहीन पात्रका रूपमा चित्रण गरिएको छ । पितृसत्ताले पत्नीलाई पनि उपभोग्य वस्तु ठान्छ, जस्तै -

- अर्काकी स्वास्नी राम्रा देखिन्छन् ।
- आफू तल परेपछि घोडाको जत्रो पनि थाम्नुपर्छ ।
- चोरेकी स्वास्नी र पोलेको मासु स्वादिलो हुन्छ ।
- दाएको गोरु र सधाएकी स्वास्नी मात्र काम लाग्छ ।

माथिका उखानमा पर्यावरण मैत्री भाषाको प्रयोग भएको छैन । पितृसत्ताले बुहारीलाई पनि पर्यावरण मैत्री भाषिक व्यवहार गर्दैन । जस्तै -

- आई बुहारी आयो काम, गई बुहारी गयो काम ।
- बुहारी सास फेर्, ढिकी छाड्नासाथ जाँतो हेर् ।
- बोक्ली ब्याउलीभन्दा, मुत्नैका सास्ती ।

माथिका उखानमा घरखेतका सबै काम बुहारीले गर्नुपर्ने सन्देश छ । सन्तान नभए छोरालाई नभएर बुहारीलाई मात्र दोष दिने चलन छ । त्यस्तै पितृसत्ताले यौनकर्मी महिलालाई बढी छेडछाड गर्छ । जस्तै -

- अठार राँगाको एउटै भैँसी ।
- अरूको हाँसो, रन्डीको काँसो ।
- वर्षाको भेल, बेस्यासँगको मेल ।

महिलालाई भैँसी, रन्डी, बेस्या भनिन्छ । नारी जातिलाई होच्याउने उखानहरू धेरै छन् । जस्तै -

- अनुहार भने किचकन्नीको, बानी भने महालक्ष्मीको ।
- अन्नमा घुन लागे कुहिन्छ, गर्भमा घुन लागे तुहिन्छ ।
- आइमाईको इज्जत, सियोको टुप्पोमा ।
- छोरा न छोरी नकच्चरी मोरी ।
- बाँझी आइमाईलाई सुत्केरीको बेथा के थाह ?
- लाटीलाई स्वाइँ खाएजस्तो ।

माथिको उखानहरूमा प्रकृतिले दिएको दोष, त्रुटि, अपूर्णतामाथि पनि नारी जातिलाई मात्र दोष दिइएको छ । पितृसत्ताले छोरीलाई मात्र नभएर ज्वाइँलाई पनि हेप्छ, जस्तै - (३०) "कसैलाई के को धन्दा घर ज्वाइँलाई खानैको धन्दा" जस्ता उखानले पनि हाम्रो सामाजिक संरचना पर्यावरण मैत्री बन्न सकेको छैन । (३१) "जहाँ गृहिणी, त्यहाँ सह" भनिए पनि नारीले काम गर्ने हुनाले सह भएको अप्रत्यक्ष सन्देश यस्ता उखानमा सङ्केतित छ । (३२) "अरूको

लाख, आमाको काख” र (३३) “आमा मरे टुहुरो, बाबु मरे सुरो” जस्ता केही उखानले भने नारीको महत्ता प्रकृतिका निकट भएको कुरा पुष्टि गर्छन् ।

## वातावरण मैत्री उखान

वातावरणको मुद्दालाई उठाइएका, प्राणी, वनस्पति, चराचुरुङ्गी, ऋतु र वातावरणका बिचमा सम्बन्ध देखाइएका, बासस्थान र खाद्यचक्रको महत्त्व बताइएका उखानहरू पनि निकै छन् । जस्तै -

- केरा र छोराको भ्याङ फुटाए सप्रिन्छ ।
- चार कोशमा पानी फेरिन्छ आठ कोशमा भाषा ।
- जस्तो भोजन, उस्तै मन ।
- जस्तो रोपौँला, उस्तै काटौँला ।
- जहाँ जङ्गल, त्यहाँ मङ्गल ।
- फल खाने रुखको जरो खन्नु हुँदैन ।
- ठाउँमा परेपछि सानो जन्तु पनि बाघ हुन्छ ।
- ताप्नु छ छायाँ शीतलको, दर्शन गर्नु पीपलको ।
- फूल राम्रो हाँगैमा, मानिस राम्रो कामैमा।
- बन डढे पलाउँछ, मन डढे कुन्नि ।
- बाँधि राखेको घोडा र बाबु भनेको छोरा ।
- भुक्ने कुकुरलाई खाने कुरा फ्याँकिदिनू ।
- मुलाको पात जति लुछ्यो, त्यति पलाउँछ ।

माथिका उखानमा बाली विस्तार गर्ने कुरा, जङ्गलको महत्त्व, जङ्गलको संरक्षण, पशुको संरक्षण, प्रकृतिको शक्ति आदि कुरा बताइएको छ । पर्यावरण मैत्री भाषिक व्यवहार गर्नुपर्ने कुरा (१०) मा बताइएको छ ।

## खानपिनसम्बन्धी उखान

नेपालीका परम्परित खाना कुन समयमा खाने, कुन खाना केसित खाने, कसरी खाने, कुन खाना कुनसित मिसाएर पकाउने, कसरी बनाएको खाना मिठो हुन्छ भन्ने विषयमा विमर्श गरिएका उखान पनि भेटिन्छन्, जस्तै-

- अदुवा खाई सभा बस्नू, मुला खाई बन पस्नू ।
- अर्काको घरको पेडाभन्दा आफ्नो घरको ढिँडो मिठो ।
- अर्काको घिउचिनीमा गुजरा चल्दैन ।
- अर्काको बारीमा साग छ, मेरो के लाग्छ ?
- असारका दही च्युरा, साउनको खिर ।
- आटाको रोटी मुसुराको दाल, खायो तात्तातै आयो काल ।
- उठ नानी, बसाल पानी हाल पिठो मस्काउ ढिँडो खायो हिँड्यो, कति चाँडो ।
- खाई खानू काँकरी, नखाई खानू चुक ।
- गाभाको गाँठो, भदौरे आँठो ।
- घर बलियो लिउनले, बुढो बलियो तिहुनले ।
- चैतमा चना, वैशाखमा बेल खानू ।

- थाकेको बेला, पाकेको केरा ।

माथिका उखानहरूमा मौसमअनुसारको र खानाको प्रकृतिअनुसारका खाना मिसाएर खाँदा लाभदायक हुन्छ भन्ने कुरा (१), (४), (५), (६), (७), (८), (९), र (११) मा बताइएको छ । (२) र (३) मा धेरै लालची बन्नु हुँदैन भन्ने सन्देश छ । (१४) मा खाना अड्कलेर खानुपर्छ भनिएको छ । (१२) मा थाकेका बेला केरा खानुपर्छ भन्ने सन्देश दिइएको छ ।

## लोक-अनुभवसम्बन्धी उखान

लोकजीवनका पुस्तौँदेखिका विचार, चिन्ता, मूल्य र ईश्वरप्रतिको आस्था हुन्छन् । "उनीहरू मानवेतर जगत्को आफ्नो एक्लै, जीवनकेन्द्रित, स्वतन्त्रताको पक्षमा बोल्छन्" (भट्टराई, २०६४ : २०७) । के काम गर्नुहुन्छ र के काम गर्नुहुँदैन भन्ने कुरामा तिनका आफ्नै विश्वास र स्थानीयताबोध पनि छ । लोकविश्वास र लोकानुभवको चिनारी दिने उखान निम्नलिखित छन् -

- अरिङ्गालको गोलामा हात नहाल्नू ।
- अर्घेली नगर्नू, पुर्ख्यौली नछोड्नू ।
- कालो अरिङ्गाललाई नचलाउनू, चलाएपछि खाक पार्नू ।
- कुकुर तर्सिंदा नडराउनू, भैंसी तर्सिंदा डराउनू ।
- कोही नपाए पनि घुँडासँग पनि सल्लाह गर्नू ।
- चेलो पाल्नु चेतको, लट्ठी टेक्नु बेतको।
- जति गहिरो, उति मिठो पानी ।
- जति जति कुखुरा मोटाउँछ, उति उति पुच्छर छोटाउँछ ।
- नदी तर्दा पारि हेर्नू, रुख चढ्दा माथि हेर्नू ।
- पर्खालमा बस्दा खुट्टा नहल्लाउनू, तिलबारी नकुद्नू ।
- बिरालोलाई भाग्ने ठाउँ नदिई नहिर्काउनू ।
- रात रहे अग्राख पलाउँछ ।

माथिका उखानहरू वातावरणबाट सिकिएका साझा अनुभव हुन् ।

## बहुलता/विविधतासम्बन्धी उखान

विविधता स्वीकार गर्नु बहुलता हो । साहित्यमा बहुलता अनेक प्रकारका हुन्छन् । कथ्यको बहुलता, शिल्पको बहुलता, सांस्कृतिक केन्द्रहरूको बहुलता आदि । मानव स्वभावको बहुलता र वातावरणको बहुलता उखानमा भेटिन्छन् । जस्तै -

- आँप फले निहुरिन्छ, अडिर फले ठडिन्छ ।
- एक भाइ हिङ भए भित्रै नपस्ने, एक भाइ हिङ नभए भागै नबस्ने ।
- ऐमानले मरीमरी गरेको, जैमानेले पुलुक्क हेरेको ।
- कुण्डकुण्ड पानी, मुण्डमुण्ड बुद्धि ।
- कुवापिच्छे पानी, मान्छेपिच्छे बानी ।
- पृथ्वीनारायण शाहलाई अर्ति दिने बिसे नगर्ची ।
- फूलको बयानमा काँढाको पनि नाम आउँछ ।

y बाँस बढे निहुरिन्छ, भक्किम्लो बढे पड्कन्छ ।

माथिका उखानहरूमा मानव स्वभावको र वातावरणको बहुलता व्यक्त भएको छ ।

### अभाव/सङ्कटसम्बन्धी उखान

प्राकृतिक स्रोत र साधनको दोहन र प्रतिकूल मौसमका कारणले सीमान्तकृत समुदाय सङ्कटमा छ । पहाड रित्तो पारेर तराई भर्नेहरू, विदेश जानेहरू वातावरणीय सङ्कटको परिणाम हो । समाजमा सहजै भेटिने वस्तुहरू भेटिन छाडेका छन् । खोलामा माछाहरू सङ्कटमा छन् । गरिबहरूको पसिना खेर गइरहेको छ । पर्यावरण प्रतिकूल हुँदा सीमान्तकृत वर्गले भोल्नु परेको सङ्कट तलका उखानहरूमा भेटिन्छन् -

y अगि पाइन्थ्यो दाप्चा, अब लाग्यो थाप्सा ।

y एक डाली धान, पोली खाऊँ कि पकाई खाऊँ ।

y ऐले खाऊँ त भरे छैन, तँ खोज्दी भरिया ।

y उठेर रोप्ने बसेर काट्ने दाइँका भोलिपल्ट हात चाट्ने ।

y उहिले बाजेका पालामा पैसा गन्थे डालामा अहिले हाम्रो पालामा अन्न छैन थालमा ।

y गरिबको जवानी, बग्दो पानी ।

y गरिबको पसिना, पिसाब बराबर ।

y गरिबको दाउ लाग्दैन, गुहे खोलामा नाउ लाग्दैन ।

y गरिबको भान्सा खुर्सानीको सिँगार ।

माथिका उखानहरूमा उब्जनी घटेको र गरिबहरू बढी मारमा परेको स्थिति चित्रित छ ।

### सीमान्तकृत वर्गप्रति उपेक्षा

शताब्दीयौँदेखि धर्म, वर्ण, रङ, क्षेत्र, लिङ्ग आदिका आधारमा धेरै जाति उपेक्षित छन् । अनेक बाहनामा नारी, गाउँले र आदिवासी विस्थापित भए । बहिरा, दृष्टिविहीन, विधवा, दलित, आदिवासी, मधेसीलाई होच्याउने परम्परा छ । यस्तो परम्परा पश्चिममा अझ चर्को थियो । एथेन्सका केही नागरिकले कमजोर, अपाङ्ग शिशुहरूलाई माटाका भाँडामा राखेर सडकको छेउमा मर्नको निम्ति छाडिदिने गर्थे । रोममा परिवारको मूल पुरुषलाई अपाङ्ग शिशुलाई जन्मनासाथ त्याग्न, बेच्न, अङ्गभङ्ग गर्न वा टिवर नदीमा गएर बगाउन पूर्ण स्वतन्त्रता थियो (उप्रेती, २०६८, पृ. २६०) । पूर्वमा अपाङ्गप्रति यस्तो क्रूर दृष्टिकोण नभए पनि हेप्ने परम्परा छ । पर्यावरण मैत्री भाषाको प्रयोग नभएका उखान निकै भेटिन्छन्, जस्तै -

y अन्धाको हातमा बत्ती, बाँदरको हातमा पत्ती ।

y अन्धाले चोर पक्रियो, खोरण्डोलाई गुहार ।

y अपुताको धन प्यारो, कोढीको ज्यान ।

y अमिलो जाँडको धेर निगार, कालो मान्छेको धेर सिँगार ।

y अरूको दृष्टि अरूतिर, लाटाको दृष्टि जौतिर ।

y अल्छीका कुरा राम्रा, वेश्याका आँखा राम्रा । y
आफू छ राँड, जगतै भाँड।

y कर्महारो कमारो, वचन हारो डुम।

y कुँजालाई उठी सुख न बसी सुख।

माथिका उखानहरूमा अन्धो, अपुतो, कालो, लाटो, यौनकर्मी, विधवा, दमाईं, कुँजो, लगायतका सीमान्तकृत वर्गलाई पर्यावरण मैत्री भाषिक व्यवहार गरिएको छैन ।

## निष्कर्ष

पर्यावरणीय समालोचनाले धर्तीको सौन्दर्य भन्नाले यसको भौतिक र जैविक विविधतालाई भनिन्छ । यसले प्रकृतिप्रति मान्छेको सम्बन्ध विजेता र विजितको जस्तो नभएर प्रेमपूर्ण हुनुपर्छ भन्ने मान्यता राख्छ । यसले पर्यावरणलाई ध्यानमा राखेर लेखिएका कृतिहरूको पर्यावरणीय कोणबाट मूल्याङ्कन गर्ने हुनाले यो अन्तर्विषयक समालोचना हो । खास समस्या समाधान गर्न ज्ञान-विज्ञानका विविध अवधारणाको उपयोग गरिने भएकाले यसलाई अन्तर्विषयक समालोचना भनिएको हो । यसले पर्यावरणलाई प्राकृतिक अवस्थामा रहेको देख्न चाहन्छ । वर्तमान विश्व जातीयता, क्षेत्रीयता, लैङ्गिकता र राष्ट्रियताका कारण विभाजित छ । ठुला सिद्धान्त र विचारले मान्छेलाई केन्द्रमा ल्याएर धर्तीका जीवजन्तु र वनस्पतिप्रति अत्याचार गरेका छन् । पर्यावरणीय समालोचनाले स्थानीयता र क्षेत्रीयतामा जोड दिई सीमान्तकृत/गाउँले अनुभवलाई पनि महत्त्व दिन्छ । यसले महागाथालाई मान्दैन । यसमा मानव र प्रकृतिको सम्बन्धबारे लेखाजोखा गरिन्छ । भौतिकवादी/पुँजीवादी संरचनाले प्रकृतिको दोहन गर्नुका साथै सबै जीवजन्तुको बासस्थानलाई सङ्कटमा पारेको अवस्था छ । नेपाली उखानमा प्रकृतिको संरक्षण, जैविक खानपिन, कृषि-व्यवसाय, नारी प्रकृतिबिचको सम्बन्ध, वातावरण प्रेम, ग्रामीण जीवनका अनुभव, प्रकृतिमा रहेको बहुलता/विविधता, प्राकृतिक प्रदूषणले पर्न गएका अभाव/सङ्कट, सीमान्तकृत वर्गप्रतिको उपेक्षा भाव जस्ता पर्यावरण विषयक उखानहरू यथेष्ट छन् ।

उखानलाई लोक-अनुभव, साझा अनुभव, व्यवहारिक जीवनमा मार्गदर्शक उक्ति भनिएको छ तापनि कतिपय उखानहरू दलित, आदिवासी, नारी, अपाङ्ग, मधेसीप्रति निमर्म छन् र तिनमा पर्यावरण मैत्री भाषिक व्यवहार भएको छैन । सीमान्तकृत वर्ग पर्यावरण मैत्री व्यवहार नभएकाले र उब्जनी घटेकाले बसाइँ सर्न बाध्य छन् । कतिपय उखानहरूमा भने विश्वप्रकृतिमा बहुलता छ, विविधता छ भन्ने अवधारणा पाइन्छ । केही उखानहरूले मानव र प्रकृति/स्वभाव विरुद्ध जबर्जस्ती गर्नु हुँदैन भन्ने सन्देश पनि दिएका छन् ।

## सन्दर्भसूची

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०६८). पर्यावरणीय समालोचना. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). रत्न बृहत नेपाली समालोचना., पृ. ३११-३३२. रत्न पुस्तक भण्डार ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मण (२०६६). *नेपाली साहित्य उत्तरआधुनिक समालोचना.* ओरिएन्टल पब्लिकेसन ।

त्रिपाठी, गीता (२०७६). समकालीन नेपाली कथामा पर्यावरणीय चेतना. ज्ञानु अधिकारी (सम्पा.). प्रज्ञा समकालीन कथा विमर्श. पृ. १०२-१२४. नेपाल प्रज्ञा प्रतिष्ठान ।

पराजुली, कृष्णप्रसाद (२०४७). *नेपाली उखान र गाउँखाने कथा.* रत्न पुस्तक भण्डार ।

पोखरेल, गोकुल (२०७०). *सिमसारका राजदूत काव्यको पर्यावरणीय अध्ययन.* [अप्रकाशित स्नातकोत्तर शोधपत्र]. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौड्याल, एकनारायण (२०७०). *समलोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल

पौड्याल, शिव (२०६३). *नेपाली उखानको अध्ययन.* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय ।

बन्धु, चूडामणि (२०६६). *नेपाली लोकसाहित्य* (पुनमुद्रित संस्क.). एकता बुक्स ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोर्डन बुक्स।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* क्वेस्ट पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* पाठ्यसामग्री प्रकाशन ।

Agrawal, Preeti (2020). International Journal of Multidisciplinary Education and Research, Vol.2, Issue 6, pp.21-25.

Bary, Pater (2002). *Beginning Theory*. Manchester UP.

Sanegar, Saini (2022). *Sanskrit Sahityame Vanauka Dharmik Evam Sahityik Mahattyo*. International Journal of Innovative Research in Science Engineering and Technology, Vol. 11, pp. 8294-8298.

Shukla, R.S. and Childen, P.S. (2001). *Plant Ecology*. S. Chand & Co.